## विशेष सामुदायिक वन उपभोक्ता समुह, वैतेश्वर-६, नाम्दु, दोलखाको
## गोलिया काठ लिलाम विक्रिको सुचना

### प्रथम पटक सुचना प्रकाशन मितिः २०८३।०४।०३

प्रस्तुत विषयमा, यस विशेष सामुदायिक वन उपभोक्ता समुह वैतेश्वर-६, नाम्दु, दोलखाको मिति २०८२/०६/०८ गते आएको हुरीबतास, चटयाङले क्षति भई ढलेका रुखहरू छपान भए अनुशार अनुसार नियमानुसार आ.व. २०८२/०८३ मा संकलन गरी वैतेश्वर-६, च्याँनडाँडा र बिसौना क्षेत्रमा घाटगद्दी गरी राखेको तपशिल बमोजिमको लटहरुमा विभाजित निम्न परिमाणको गोलिया काठ जे, जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ दाउरामा आधारित उद्योगले यो सुचना दीक्षण राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले हुने २१ औं दिन (मिति २०८३/०४/ २३ गते) कार्यालय समय भित्र तपशिलको स्थानहरुबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिन (मिति २०८३/०४/२४ गते) तोकिएको समय भित्र सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

<u>तपशिल</u>.

१. वन पैदावरको विवरणः

| वन पैदावारको विवरण | | | | | | | | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | किसिम | जात | ग्रेड | थान | परिमाण क्युफिट | प्रति इकाई न्युनतम रु. | न्युनतम रु. | | |
| १ | गोलिया | खोटेसल्ला | बल्ला बल्ली | १३८१ | २३७४.८ | १२५/- | २,९६,८५०/- | १५०/- | |
| २ | गोलिया | खोटेसल्ला | बल्ला बल्ली | १४४८ | ३२५९.९ | १२५/- | ४,०७,४८७.५/- | | |
| ३ | गोलिया | खोटेसल्ला | बी | ११७ | ६००.१ | १५०/- | ९०,०१५/- | | |
| ४ | गोलिया | पाटेसल्ला | बी | ३८४ | ९६७.८ | १००/- | ९६,७८०/- | | |
| जम्मा | | | | ३३३० | ७२०२.६ | | ८,९१,१३२.५/- | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तीम मिति, समयः
   क) खरिद गर्ने अन्तीम मिति र समयः २०८३/०४/२३ गते (२१ औं दिन) कार्यालय समय भित्र ।
   ख) दाखिला गर्ने अन्तीम मितिः २०८३/०४/२४ गते (२२ औं दिन)
   ग) दाखिला गर्ने अन्तिम समयः अपरान्ह १२ बजे ।
   घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरि तिरी उक्त लिलामको बोलपत्र फारम यस विशेष सा.व.उ.समुहको कार्यालयबाट र हनुमन्ते सब-डिभिजन वन कार्यालय जिरीबाट खरिद गर्न सकिनेछ तर दाखिला भने यस समुहको कार्यालयमा मात्र गर्न सकिन्छ ।

साथै कवोल गरेको रकमको १०% ले हुन आउने रकम यस विशेष सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको खाता नं. १३०००१००६३१०२९००००१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र विशेष सामुदायिक वनको वैतेश्वर-६, च्याँनडाँडा र बिसौना स्थित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ । काठ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम विक्रि गरिनेछ ।

५. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८२।०८३ को कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन (मिति २०८३/०४/२४ गते) अपरान्ह ३:०० बजे साक्षिहरुको रोहवरमा खोलीनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च, प्रदेश स्थानीय सेवा शुल्क समेतको रकम सम्बन्धित खातामा जम्मा गरी भौंचर पेश गरी सक्नुपर्नेछ र लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। शर्त राखिएका बोलपत्रहरु स्वीकृत गरिनेछैन ।

९. बोलपत्र मान्य नहुने अवस्थाहरु

- खाम सिलबन्दी नभै प्राप्त हुन आएको बोलपत्र ।
- सम्बन्धित वन समुहको छाप लागी प्रमाणित नभएको वा फोटोकपी गरि पेश गरिएको बोलपत्र ।
- बोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अन्यको नामबाट पेश गरिएको बोलपत्र ।
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
- सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको बोलपत्र वा ६ महिना घटीको बैंक ग्यारेण्टी धरौटिको रुपमा पेश भएको बोलपत्र।
- बोलपत्र आव्हानको सुचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको ।

१०. वन पैदावर चोरी तस्करीमा अभियोग लागेको वा सजाय पाएको व्यक्ति, फर्म वा कम्पनी वा उद्योगले बोलपत्रको प्रतिस्पर्धामा भाग लिन पाउने छैनन् ।

११. बोलपत्र सम्बन्धी कुनै वादविवाद भएमा यस विशेष सामुदायिक वन उपभोक्ता समुहले गरेको निर्णय अन्तिम हुनेछ । कुनै उजुरबाजुर लाग्ने छैन ।

१२. बोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस विशेष सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ । थप जानकारीको लागी फोन नं. ९८६१०९३९५७ र ९८४४३७४५०६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।